

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९४१७७३



# पोखरापत्र

राष्ट्रिय दैनिक

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३३९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १५ गते सोमबार ❑ 30 Dec. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा ड्रागन वोर्ट फेष्टिभल सुरु


पोखरापत्र संवाददाता


पोखरा, १४ पुस

पर्यटनको राजधानि पोखरामा आइतबार देखि दोश्रो संस्करणको 'ड्रागन बोट रेस फेस्टिभल' को रौनक सुरु भएको छ । महोत्सवको मुख्य आकर्षणको रुपमा रहेको ड्रागन बोट रेसमा नेपाल सहित ३ देशका २० टिमको सहभागिता रहेको पोखराका मेयर धनराज आचार्यले बताए ।



पोखराको फेवातालमा हाल २ सय र ५ सय मिटर तर्फको प्रतिष्प्रर्धा सुरु भएको छ । उक्त रेस प्रतियोगितामा नेपालबाट ११ सहित सिंगापुरको एक र चिनका ८ टिमको सहभागिता हुने रहेको छ । नेपाल र चीन बीचको सांस्कृतिक तथा जनस्तरसम्मको सम्बन्ध सुमधुर बनाउँदै नेपालको पर्यटन प्रबर्द्धन गर्न मद्धत पुग्ने गरी उक्त महोत्सव पोखरामा दोश्रो पटक गर्न लागिएको मेयर आचार्यले जनाए । गण्डकी प्रदेश सरकार, पोखरा महानगरपालिका, नेपाल स्थित चिनियाँ दूतावास र नेपाल पर्यटन बोर्डको सयुक्त आयोजनामा उक्त प्रतियोगिता भएको हो ।

प्रतियोगितामा गण्डकी सहित बागमती, कर्णाली, त्रिभुवन आर्मी क्लव, ड्रगन बोर्ट गण्डकी, बेगनास टिम, रुपाताल टिम, नाराका सहितका नेपालका ११ टिमको सहभागिता रहेको छ । ५ सय र २ सय मिटरका बिजेता टीमलाई जनही ५ हजार अमेरिकी डलर, उपबिजेतालाई भने २ हजार डलर र तेश्रो हुने टिमलाई जनही १ हजार २ सय अमेरिकी डलर साथमा ट्रफी र मेडल प्रमाण पत्र वितरण गरिने भएको छ । पुरस्कारमा मात्र करिब २५ लाख खर्च हुने भएको छ । पोखरा महानगरपालिकाका व्यवसायी प्रबर्द्धन केन्द्रका महाशाखा प्रमुख नवराज अधिकारीले पोखरामा आयोजना हुने प्रतियोगिताका बिजेता तथा उपबिजेतालाई अन्तराष्ट्रिय प्रतियोगितामा सहभागित गराउन पहल गर्ने जनाए । गत बर्ष चाइनाले ८ वटा ड्रगन बोर्ट उपहारको रुपमा दिएको थियो भने यस बर्ष पनि अत्याधुनिक थप ८ वटा ड्रागन वोर्टहरु दिएको छ । यस बर्ष दिएको ड्रागन बोर्ट भने अन्तराष्ट्रिय प्रतियोगताको लागि मात्र प्रयोग गरिने भएको महानगरले जनाएको छ । सोमबारसम्म पोखराको फेवातालमा हुने उक्त फेष्टिभलको आइतबार एक समारोहका बिच नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले उद्घाटन गर्दै पोखरामा खेल पर्यटनको अथाह सम्भावना भएको बताए ।

पोखराको खेल पर्यटन प्रबर्द्धनमा यस्ता कार्यक्रम धेरै सहयोग पुग्ने दाबी गर्दै उनले सो महोत्सवले चिन र नेपाल बिचको सम्बन्ध समेत थप प्रगाढ हुने विश्वास व्यक्त गरे । कार्यक्रममा नेपाल स्थित चिनिया राजदुत छेन सोङले चिनिया पराम्परागत खेलको नेपालमा गत बर्ष देखि सुरु भएको ड्रागन वोर्ट फेष्टिभलले नेपाल र चिन बिचको संस्कृति तथा सभ्यता आदन प्रदान गर्नुका साथै एक आपसको सम्बन्ध सुदृढ भएको जनाए । नेपाली जनताले शान्तिसंग मेलमिलापको भावनालाई आत्मसात गरेको उनले जनाए । चिन क्रस कन्ट्रि रेस, ड्रागन वोर्ट रेस र काठमाण्डौमा भएको विभिन्न श्रृखलाबद्ध कार्यक्रमले चिन र नेपाल बिचको सम्बन्ध थप सुदृढ बनाउने काम गरेको राजदुत सोङले जनाए । पोखरा महानगरपालिकाका मेयर धनराज आचार्यले पोखरामा बार्षिक रुपमा राष्ट्रिय स्तरको बेगनासमा र अन्तराष्ट्रिय स्तरको फेवातालमा ड्रागन वोर्ट रेस गर्ने बताए ।

नेपाल पर्यटन वोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोसीले उक्त खेलले पोखरा क्षेत्रको नयाँ ब्राण्ड भनेसंगै यसले खेल पर्यटन प्रबर्द्धनमा टेवा पुगेको दाबी गरे । चिनले तीन ठाँउमा ३ ब्राण्ड बनाउन सफल भएको उनले बताए । गण्डकी प्रदेशका सामाजिक बिकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापाको अध्यक्षतामा उद्घाटन सत्र सम्पन्न भएको हो ।

## सामाजिक विकास कार्यालय तनहुँको भवन उद्घाटन


पोखरापत्र संवाददाता


तनहुँ, १४ पुस

गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले तनहुँ जिल्लाको सामाजिक विकास कार्यालयको नवनिर्मित भवन उद्घाटन गरेका छन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले सामाजिक विकासको क्षेत्रमा कार्यालयले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

मन्त्रीले आफ्नो सम्बोधनमा स्थानीयस्तरमा सहज, प्रभावकारी र पारदर्शी सामाजिक सेवाको विस्तारका लागि सरकार प्रतिबद्ध रहेको उल्लेख गरे । उनले कार्यालयले शिक्षा, सामाजिक सुरक्षा, महिला सशक्तिकरण, खेलकुद र युवाहरूका लागि रोजगारीका अवसरहरू सिर्जनामा योगदान पुर्‍याउने विश्वास व्यक्त गरे । उनले कार्यालयमा सेवा प्रवाह चुस्तदुरुस्त बनाई जनतासँग प्रत्यक्ष रुपमा जोडिन निर्देशन समेत दिएका छन् । "कार्यालय भवन निर्माण गरेर मात्रै हुँदैन । नागरिकको सेवालाई सहज बनाउन आवश्यक छ । सेवा प्रवाहमा कमी नहोस् ।", उनले भने । प्रदेश सरकार स्थानीय तहहरुसँग समन्वय गर्दै अगाडि बढ्ने प्रतिबद्धता उनको छ ।



गण्डकी प्रदेशका सांसद जीत प्रकाश आलले सामाजिक विकास कार्यालयले सामाजिक बनोटमा समेत ध्यान दिन आवश्यक रहेको उल्लेख गरे । सामाजिक संरचना राम्रो भए समाज राम्रो हुने बताउँदै पछाडी परेका वर्गहरुका लागि समेत सेवा प्रवाह सरल हुनुपर्नेमा उनले जोड दिए । सांसद अशोक कुमार श्रेष्ठले नयाँ सोचका साथ विकास निर्माणका सेवा प्रवाहमा लाग्न अनुरोध गरे ।

जिल्ला समन्वय समिति तनहुँका प्रमुख शान्ती रमण वाग्लेले मानवीय र सामाजिक क्षेत्रको विकास नै आजको आवश्यकता रहेको बताए । सामाजिक विकास कार्यालय तनहुँको नवनिर्मित भवनबाट शिक्षा,संस्कृति र खेलकुदको क्षेत्रमा सेवा प्रवाह गर्न ठूलो सहयोग पुग्ने विश्वास उनको छ । व्यास नगरपालिकाका नगर प्रमुख वैकुण्ठ न्यौपानेले सामाजिक र शिक्षा क्षेत्रलाई सुधार गर्न उक्त कार्यालय प्रभावकारी बन्ने उल्लेख गरे । स्थानीय तहसङ्ग मिलेर योजना अगाडि बढाउनुपर्ने आवश्यकतालाई उनले औंल्याएका छन् । भौतिक संरचना सङ्गै सेवामा स्थानीय तह पनि मिलेर काम गर्न इच्छुक रहेको भनाई उनको छ ।

तनहुँका प्रमुख जिल्ला अधिकारी श्याम कृष्ण थापाले भौतिक संरचनासँग सेवा प्रवाह समेत स्मार्ट हुन आवश्यक रहेको बताए । "राम्रा भवन राम्रा सवारीमा हिडेर मात्र भएन सेवा प्रवाहमा गुणस्तरीयता आउनुपर्यो ।", उनले भने । कार्यक्रममा तनहुँका स्थानीय जनप्रतिनिधिहरू, समुदायका अगुवाहरू र विभिन्न क्षेत्रका सरोकारवालाहरूको उपस्थिति रहेको थियो। सामाजिक विकास कार्यालयले बालबालिका, महिला, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरूको सेवामा प्राथमिकता दिँदै आएको छ । सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका सचिव राजेन्द्र देव पाण्डेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत सामाजिक विकास कार्यालय तनहुँका प्रमुख बिदुरहरि आचार्यले गरेका थिए ।

## 'प्रेस स्वतन्त्रताको विपक्षमा कुनै पनि काम हुँदैन'


पोखरापत्र संवाददाता


पोखरा, १४ पुस

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विपक्षमा कुनै पनि काम हुन नदिने बताउनुभएको छ । नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिको नवनिर्वाचित कार्यसमितिको आज सपथ तथा पदस्थापन कार्यक्रममा उहाँले प्रेसलाई कुण्ठित गर्न खोजियो भने प्रजातन्त्र कमजोर हुन्छ भन्ने आफूलाई राम्रो अनुभूति रहेको बताउनुभयो ।



मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "प्रेसलाई कुण्ठित गर्न खोजियो भने प्रजातन्त्रको अवस्था के हुन्छ भन्ने कुरा राम्ररी अनुभूति गरेका छौँ । साथसाथै प्रेस र प्रेस स्वन्त्रतालाई खोस्न चाहनेको हालत के भयो भनेर इतिहासमा हाम्रै देशमा देखिएको छ ।" नागरिकले पत्रकारिता र सामाजिक सञ्जालबारे भिन्नता छुट्टाउन नसकेको उहाँले उल्लेख गर्नुभयो । सामाजिक सञ्जालमा आउने हरेक कुरालाई नागरिकले समाचारका रुपमा ग्रहण गरिहेकाले पत्रकारिता र सञ्जालको फरक स्थापित गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । "सामाजिक सञ्जालका कारण नकारात्मक भावना फैलिएको छ । त्यसलाई पत्रकारिताले चिर्नु आवश्यक छ । नत्र भने पत्रकारको आफ्नै इज्जत, मान र प्रतिष्ठामा आँच आउने अवस्था छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो । गण्डकी प्रदेशमा लामो समयदेखि रोकिएको आमसञ्चार विधेयक सरकारले पारित गरेर कानुनअनुसार प्रेस रजिष्टार नियुक्त गरे पनि यो सरकारी निकाय मात्र नभई पत्रकारको हकहितका लागि आवाज उठाउने निकाय समेत रहेको उहाँले बताउनुभयो । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशको सामाचारलाई मूलधारका सञ्चार माध्यमले स्थान नदिएको गुनासो गर्नुभयो ।उहाँले भन्नुभयो, "जिल्ला र प्रदेशका समाचारलाई केन्द्रले प्राथमिकता दिएको देखिएको छैन । सरकारको पक्षमा लेखिदिनुहोस् भनेर म भन्दिन । पक्ष अथवा विपक्षमा जे भए पनि सरकारका गतिविधिबारे चासो राखेर लेखिदिनुहोस् भन्ने मेरो आग्रह हो ।" गण्डकी प्रदेशका प्रेस रजिष्टार विमला भण्डारीले प्रेस रजिष्टारको कार्यालयले पत्रकारिताको क्षेत्रमा गर्नुपर्ने कामका लागि सबैको सल्लाह र सुझाव लिएर कार्यविधि बनाउने काम गरिरहेको बताउनुभयो । नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव सोनी शर्माले पत्रकार महासङ्घ क्रियाशील पत्रकारहरुको मात्र संस्था बन्नुपर्नेमा जोड दिनुभयो ।गण्डकी प्रदेश समितिका नवनिर्वाचित अध्यक्ष रमेश पौडेलले पत्रकारिता पेशमा नयाँ पुस्ताको आकर्षण बढाउने काम गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले पत्रकारको हकहितका साथै क्षमता विकासका लागि ११ वटै जिल्लामा कार्यक्रम गर्ने योजना रहेको सुनाउनुभयो । निर्वतमान अध्यक्ष नारायण शर्माले प्रदेश समितिले चुनौतीका बीचमा धेरै काम गरेको बताउनुभयो । अध्यक्षका प्रत्याशी गोविन्द सुवेदीले महासङ्घले सबै पत्रकारलाई समेटेर लैजानुपर्ने र पेशागत आचारसंहिता पालनामा जोड दिनुभयो । कार्यक्रममा निर्वाचन समितिका संयोजक कोमलनाथ बरालले प्रदेश समितिमा नवनिर्वाचित अध्यक्षसहित पदाधिकारी र कार्यसमितिका सदस्यहरुलाई पद तथा गोपनियताको सपथ गराउनुभएको थियो ।


### वायु प्रदुषणको असर कम गरौं

◆ व्यक्तिगत स्वारीको सट्टा ठूला र एकैपटकमा धेरैले प्रयोग गर्न मिल्ने सार्वजनिक सवारीको प्रयोग बढाऔं,
◆ डिजेल र पेट्रोलबाट चल्ने सवारी साधनको विकल्पमा विद्युतीय सवारी साधनको प्रयोग गरों,
◆ आँफुले प्रयोग गर्ने सवारी साधनको ईन्जिन राम्रोसँग मर्मत गरौं, नियमित प्रदुषण जाँच गरौं,
◆ उद्योग तथा कलकारखानामा प्रदुषण नियन्त्रण प्रविधिहरू प्रयोग गरौं,
◆ फोहोरमैलालाई जलाउने कार्य नगरौं, उचित व्यवस्थापन गरौं,
◆ कच्ची सडकहरू मर्मत तथा कालोपत्रे गरौं,
◆ वृक्षारोपण गरौं, बनजंगलको संरक्षण गरौं,
वायु प्रदुषणको असर कम गर्न सहयोग गरौं। स्वस्थ वातावरण निर्माणमा योगदान पुर्‍याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाल ओलम्पिक कमिटीलाई कार्वाही गर्ने मन्त्री चौधरीको चेतावनी

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस

नेपाल सरकारका युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले सर्वोच्च अदालतको आदेश र सरकारको निर्देशन विपरीत अघि बढेको नेपाल ओलम्पिक कमिटीलाई कार्वाही गर्ने चेतावनी दिनु भएको छ।

आइतबार पोखराका केही पत्रकारसंग संक्षिप्त कुराकानी गर्दै मन्त्री चौधरीले राज्यको नियम र कानून पालना नगर्ने कमिटि तथा व्यक्तिहरुलाई सरकारले कार्वाही गर्ने उहाँले चेतावनी दिनु भएको हो। तीन दिनको स्पष्टिकरण माग गरेको बताउदै मन्त्री चौधरीले कस्तो जफाव आउछ त्यसको आधारमा कार्वाही गर्ने जनाउनु भयो।

२७ वटा संघहरु मध्यबाट २० वटाले अनलाइन मार्फत भोटिङ गरेको बताउदै मन्त्री चौधरीले प्रधानमन्त्री सहित विज्ञसंगको सल्लाह गरेर कार्वाही प्रकृया अघि बढ्ने बताउनु भएको हो। सर्वोच्च अदालतको आदेश र सरकारको निर्देशनविपरित नेपाल ओलम्पिक कमिटी (एनओसी) ले शनिबार निर्वाचन गरेको थियो। सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्दै शनिबार तय भएको निर्वाचन नगर्न आदेश दिएको थियो भने एनओसी नेतृत्वले अनलाइनमार्फत निर्वाचन गरेको थियो। निर्वाचन रोक्न सर्वोच्च अदालतको आदेशसँगै निर्वाचनमा सहभागी नहुन युवा तथा खेलकुद मन्त्रालयले समेत निर्देशन जारी गरेको थियो।

अवैधानिक तरिकाले विधान संशोधन गरेर घोषणा गरेको चुनावमा आफू अनुकूलका प्रतिनिधि छनोट गरेर नेपाल ओलम्पिक कमिटीले शनिबार अनलाइनमार्फत निर्वाचन सम्पन्न गरेको आरोप अर्को समूहले लगाएको छ।

अनलाइन चुनावबाट जीवनराम श्रेष्ठ फेरि अध्यक्ष बनेको घोषणा गरिएको थियो।

# कुँवर समाज समितिको आँखा शिविर सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस



पोखरा महानगरपालिका वडा नं. ८ मा रहेको कुँवर समाज समितिको आयोजनामा वडा नं. ८ को आर्थिक सहयोगमा कुँवर टोलमा रहेको कुँवर समाज समितिको भवनमा जेष्ठ नागरिक आँखा जाँच घुम्ती शिविर कार्यक्रममा आँखा जाँच गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगर पालिका वडा नं. ८ का वडा अध्यक्ष रुद्रनाथ बरालले वडाको विकास निर्माणका साथ साथै नागरिकको स्वास्थ्य प्रति पनि वडा कार्यालयले सहकार्य गरेर काम गर्दै आएको बताएका थिए। सो अवसरमा स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाट, पोखरा ८ का वडा सदस्यहरु हिराकाजि श्रेष्ठ र गोबिन्द बराल, हिमालय आँखा अस्पतालका डा. दिपेस मान ठकुरीले सामान्य अवस्थामा हरेक व्यक्तिले नियमित रुपमा ३ देखि ६ महिनामा एक पटक आँखा जाँच गर्नुपर्ने बताएका थिए।

समितिका अध्यक्ष कृष्ण कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत युथ अफ कुँवरटोलका अध्यक्ष राजु कुँवर र संचालन सचिव लक्ष्मी कुँवरले गरेकी थिइन्।

# पोखरा सडक महोत्सवमा विभिन्न प्रतियोगिता सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस



रेवान पोखराको आयोजनामा शनिबारदेखि शुरु भएको २६ औं पोखरा सडक महोत्सवको दोस्रो दिन विभिन्न मनोरञ्जनात्मक खेल प्रतियोगिता र सडक संवाद कार्यक्रम भएका छन्।

आइतबार भएको वेटर रेस तर्फ व्यन्जन रेष्टुरेण्टका सुबास सिर्पाली प्रथम, आइरिस पवका विनोद श्रेष्ठ दोस्रो र चिल्ली बारका अविश्यक सेन तेस्रो भए भने वेट्रेस रेस तर्फ व्यन्जन रेष्टुरेण्टका सिमा मल्ल प्रथम, मोनिका नेपाली दोस्रो र प्याराडिस्कोका पुजा रसाइली तेस्रो भइन। वेटर वेट्रेस तर्फका प्रथम, द्वितिय र तृतिय हुनेले क्रमश नगद रु ५ हजार, ३ हजार, २ हजार सहित प्रमाण पत्र प्राप्त गरे। विजेतालाई रेवानका अध्यक्ष विश्वराज पौडेल र होटल एशोसिएसन गण्डकीका अध्यक्ष लक्ष्मण सुवेदीले पुरस्कार प्रदान गरे।

खहरेस्थित चिल्लीबार रेष्टुरेण्ट अगाडीबाट शुरु भएको दौडमा सहभागिहरुले ट्रे मा पानीको बोत्तल र ग्लासमा पेय पदार्थ लिएर दौडिएका थिए।

म:म खाने प्रतियोगितामा पुरुष तर्फ सम्राट सुवेदी प्रथम र धन बहादुर वुढाथोकी दोस्रो भए भने महिला तर्फ सरला अधिकारी प्रथम र भिमा क्षेत्री दोस्रो भए।

त्यस्तै सडक महोत्सव मै पहिलो पटक सेफ प्रतियोगिता आयोजना गरिएको खेलकुद संयोजक सुमन भट्टराईले जानकारी दिए। सेफ प्रतियोगिता तर्फ ३६० स्काइ लज्जका राजु नेपाली प्रथम, चिल्ली बारका जितु मगर द्वितिय र मेडप् रेष्टुरेण्टका शंकर मगर तृतीय भएका छन्।

यस्तै जारी महोत्सवमा पोखरा भ्रमण वर्ष २०२५ चुनौती र अवसर शिर्षकमा सडक संवाद कार्यक्रम सम्पन्न भएको छ। जस्को मुख्य वक्ताको रुपमा पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, वक्ताका रुपमा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी दिपक राज जोशी, पाटा नेपाल च्याप्टर अध्यक्ष खेम लकै, पोखरा पर्यटन परिषदका संस्थापक अध्यक्ष अशोक पालिखे र पर्यटन उद्यमी शिव ढकाल रहेका थिए। अम्मटमा भोलि पनि पर्यटन प्रवद्र्धनका लागि खाना, संस्कृति र साहसिक खेल शिर्षकमा सडक संवाद कार्यक्रम हुने सडक संवाद कार्यक्रम संयोजक बसन्त गौतमले जानकारी दिनु भयो (रेष्टुरेण्ट एण्ड बार एसोसिएसन (रेवान), पोखराले बर्सेनि फेवाताल किनारमा पोखरा सडक महोत्सव आयोजना गरेर आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनमा सघाउ पुऱ्याउँदै आएको छ। अंग्रेजी नयाँ वर्ष-२०२५ स्वागतार्थ २६ औं पोखरा सडक महोत्सव पुष २७ गते सम्म चल्नेछ।

# सबै धर्म संस्कृति बराबर : मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
लमजुङ, १४ पुस

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले राज्यले जातजाति, धर्म र संस्कृतिलाई बराबरका रूपमा हेरेको बताउनुभएको छ।

लमजुङ बेँसीसहर नगरपालिका-७ मा तमु ल्होसार २०८१ का अवसरमा तमु ह्युल छोँज धीं लमजुङको आयोजनामा आयोजितशुभकामनाआदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै सञ्चारमन्त्री गुरुङले २०६२/६३ सालको आन्दोलनपछि नयाँ संविधान निर्माण गर्दै मुलुकलाई धर्म निरपेक्ष राज्य बनाएको बताउनुभयो। सबैले एक अर्काको धर्मसंस्कृतिको सम्मान गर्दै अघि बढ्नुपर्ने उहाँको भनाइ थियो।

सञ्चारमन्त्री गुरुङले सहकारीको वर्गीकरण हुनुपर्ने उल्लेख गर्दै सहकारी नियमनकारी बनाएर सरकार अघि बढ्ने बताउनुभयो। सहकारीले निश्चित ठाउँमा मात्रै कारोबार गर्न पाउनेगरी नियमनकारी गठन गरेर तोक्ने उहाँको भनाइ थियो। स्थानीय तहमा सञ्चालन गर्ने, स्थानीय तहमा दर्ता, प्रदेशमा सञ्चालन हुने प्रदेशमा र केन्द्रमा सञ्चालन हुने सहकारी केन्द्रमा दर्ता भएर मात्रै सञ्चालन हुनुपर्ने उहाँले बताउनुभयो।

सहकारीमा दोषी देखिए जो कोहीलाई पनि कानुनी कारबाही हुने सञ्चारमन्त्री गुरुङले बताउनुभयो। संविधान संशोधन प्रमुख ठूला दलहरुको सहमतिमा हुने सरकार प्रक्तासमेत रहनुभएका उहाँले बताउनुभयो। गाउँगाउँमा सबै जनताले अनुभूति गर्नेगरी विकास निर्माणका कार्यमा सरकार लागिपरेको उहाँको भनाइ थियो।

सुरक्षण मुद्रण केन्द्रलाई व्यवस्थित गर्ने उल्लेख गर्दै सञ्चारमन्त्री गुरुङले सुरक्षण मुद्रण केन्द्रलाई व्यवस्थित गर्न सकेमा देशको अरबौँ रुपैयाँ राजस्व बचत हुने बताउनुभयो। नेपालमा हुलाक टिकटसमेत आफ्नो प्रेसमा छाप्न सकिएको अवस्था नरहेको भन्दै मन्त्री गुरुङले वर्तमान सरकारले सुरक्षण मुद्रण केन्द्रलाई व्यवस्थित गरेर आफ्नै प्रेस सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाउनुभएको छ। प्रेस सञ्चालनमा देखिएका समस्या र अवरोधहरुलाई समाधान गरेर सरकारले यसलाई छिट्टै प्रक्रियामा लैजाने मन्त्री गुरुङले बताउनुभयो।

प्रेस पूर्ण रुपमा सञ्चालनमा ल्याउन सकेमा हुलाक टिकट, लेबल-स्टिकर, लालपुर्जा, नागरिकता, राष्ट्रिय परिचयपत्र, चालक अनुमतिपत्र तथा विद्यालयलगायत क्षेत्रका परिचयपत्र, राहदानी, बैङ्क नोट छाप्न विदेश पठाउनुपर्ने अवस्थाको अन्त्य हुने उहाँले बताउनुभयो। नेपालीका लागि आवश्यक छपाइसँग जोडिएका सबै नेपालमै हुने गरी प्रेस सञ्चालनमा ल्याइने उहाँले बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेशका वन तथा वातावरणमन्त्री भेषबहादुर पौडेलले यस्ता चाडपर्वले राष्ट्रिय एकता बलियो बनाउने बताउनुभयो।

# पोखरा १३ मा शनिबार साहित्य पर्व हुने

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस

पोखरामा विभिन्न स्थानमा मेला र महोत्सव भएको सन्दर्भमा पोखरा १३ मा भने साहित्य पर्व हुने भएको छ।

पोखरा१३ को वडालाई कला, संस्कृति, सहित्य तर्फ आकर्षित गराउँदै समाज परिवर्तनमा टेवा पुराउने र सिर्जनात्मक प्रतिभा खोजेर प्रकट गराउने उद्देश्य सहित पोखरा महानगरपालिका-१३ वडा कार्यालयले एकदिने साहित्य पर्व गर्ने भएको पोखरा १३ का वडा अध्यक्ष किरण बरालले बताए।

समाजसेवी, टोल विकास समितिका पदाधिकारी, शैक्षिक व्यक्तित्व, विद्यार्थी, साहित्य अनुरागी सहित सम्पूर्ण वडाबासीलाई लक्षित गर्दै यही पुस २० गते शनिवारका दिन साहित्य पर्व गर्न लागिएको आइतबार पत्रकार सम्मेलनमा अध्यक्ष बरालले जनाए। साहित्य पर्व कार्यक्रम विभिन्न ६ वटा सत्र हुने तयारी गरिएको कार्यक्रम संयोजक राजेन्द्र भण्डारीले बताए। पर्वमा साहित्यकार डा.अभि सुवेदी प्रमुख वक्ताका रुपमा रहनेछन्। उनले बर्तमानले देखेको र भविष्यले खोजेको साहित्य माथी आफ्ना भनाई राख्नेछन्। यसैगरी विश्व सिंदेलले वडा नम्बर १३ को इतिहास, बर्तमान र भविष्य एवं वडाभित्रका ऐतिहासिक पृष्ठभूमीको साथै राजनीतिक, सामाजिक, साहित्य लगायत क्षेत्रको बिकासमा खेलेको भूमीका माथि प्रकाश पार्नेछन्। यसमा पत्रकार प्रकाश ढकालले सहजीकरण गर्ने छन्।

कवि तीर्थ श्रेष्ठले कविता वाचन गर्ने अर्को शत्रको सहजीकरण पत्रकार शोभाकान्त सिग्देलले गर्ने छन्। त्यस्तै साहित्यकार सरुभक्तले समाज रुपान्तरणा साहित्यको भूमिका विषयमा भनाई राख्नेछन भने, काजल पराजुली, रजनी परियार, धर्मराज अल्पायुले कविता वाचन गर्नेछन। यापर जेनिश क्षेत्री, गायीका सलोमी गुरुङ र लोक गायक अमर धितालको प्रस्तुति पनि रहनेछ। यस्तै लोककवि अलि मियाँका लोकगीत तथा तीर्थ श्रेष्ठका केही कवितामाथि कवि तीर्थ श्रेष्ठले बिचार व्यक्त गर्नेछन्। बाबा राणाको सांगीतिक जीवनको यात्रा संवाद समेत हुनेछ। उक्त कार्यक्रमले वडाका साहित्य अनुरागीलाई उक्त कार्यक्रमले थप प्रोत्साहन हुने वडा सदस्य सुचित तामाङले जनाइन्।

# आर्थिक अभावले क्याम्पस सञ्चालनमा समस्या

पोखरापत्र संवाददाता
बागलुङ, १४ पुस

जिल्लाको ढोरपाटन नगरपालिका-१ खप्तरीबाङस्थित निसीभूजी जनता क्याम्पस सञ्चालनमा समस्या भएको छ। पश्चिम बागलुङको एक मात्र क्यापसका रूपमा रहेको निसीभूजी आर्थिक अभावका कारण सञ्चालनमा समस्या भएको हो।

दूरदराजका विद्यार्थीलाई उच्च शिक्षा प्रदान गर्ने उद्देश्यले विसं २०४८ मा स्थापना भएको क्याम्पसको आन्तारिक स्रोत कम हुनु, सरकारी निकायबाट सहयोग नहुनु, जनशक्ति व्यवस्थामा खर्च हुनुलगायत कारणले सञ्चालनमा समस्या भएको क्याम्पस प्रमुख कृष्णकान्त आचार्यले बताउनुभयो।

क्याम्पस सञ्चालनका लागि मासिक रु चार लाख खर्च हुने भन्दै आम्दानी न्यून हुँदा खर्च व्यवस्थापनमा समस्या भइरहेको उहाँको भनाइ छ। प्रमुख आचार्यले क्याम्पसको आम्दानी विद्यार्थीबाट उठाउने शुल्क मात्र रहेको बताउँदै अहिलेसम्म सरकारी निकायबाट कुनै पनि सहयोग प्राप्त नभएको उहाँले गुनासो गर्नुभयो।

अहिले क्याम्पसमा शिक्षा, समाज शास्त्र र व्यवस्थापन सङ्कायमा गरी एक सय १९ विद्यार्थी अध्ययनरत रहेका जनाउँदै प्रमुख आचार्यले विद्यार्थीबाट उठाउने शुल्कबाहेक आम्दानीको कुनै स्रोत नभएको उल्लेख गर्नुभयो। हाल आंशिक शिक्षक २२ र पूर्णकालीन दुई जना गरी २४ जना प्राध्यापक कार्यरत रहेका छन्।

शिक्षकलाई तलब दिन समस्या हुँदै आएको क्याम्पस प्रमुख आचार्यले बताउनुभयो। क्याम्पसको मासिक मासिक खर्च रु चार लाख ५० हजार हुने गरेको भन्दै आम्दानी रु दुई लाख रहेको उहाँले जानकारी दिनुभयो।

क्याम्पस प्रमुख आचार्यले भन्नुभयो, "यहाँ पढ्न आउने विद्यार्थीको सङ्ख्या उल्लेख्य छ, तर सञ्चालन खर्च व्यवस्थापन गर्न र शिक्षकलाई तलब खुवाउन निकै गाह्रो भइरहेको छ। यस क्षेत्रको एक मात्र सामुदायिक क्याम्पस भएकाले समुदायसँग सहयोग लिएर अहिलेसम्म सञ्चालन गरिरहेका छौं।"

क्याम्पस सञ्चालक समितिका सदस्य तारानाथ पौडेलले सरकारले दरबन्दी व्यवस्थापन गर्न सके केही मात्रामा समस्या समाधान हुने बताउनुभयो। क्याम्पस सञ्चालन गन आवश्यक मापदण्डभन्दा बढी विद्यार्थी भए पनि प्राध्यापकको दरबन्दी कम रहेको उहाँले उल्लेख गर्नुभयो। पूर्णकालीन सात जना दरबन्दीसहितको प्राध्यापक हुनुपर्ने जनाउँदै दुई जना मात्रै रहेको पौडेलले बताउनुभयो।

गण्डकी प्रदेशसभा सदस्य दोर्णकुमार कुँवर यसलाई आङ्गिक क्याम्पसका रूपमा विकास गर्नुपर्ने बताउनुभयो। क्याम्पसको शैक्षिक गुणस्तर बढाउन र प्राविधिक शिक्षा सञ्चालन गरी भौतिक संरचना निर्माण गर्न प्रदेश र केन्द्र सरकारको ध्यानाकर्षण गराइरहेको उहाँले जानकारी दिनुभयो। क्याम्पस न्यून वर्गका विद्यार्थीले मात्रै पढ्ने थलो बनेको भन्दै अब यहाँ सबैको आकर्षण बढ्ने खालको बनाउन जरुरी रहेको कुँवरले बताउनुभयो।

# पोखरामा ई-लाइब्रेरी सम्बन्धी तालिम सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १४ पुस




पोखरा सार्वजनिक पुस्तकालयमा ई-लाइब्रेरी सम्बन्धी तालिम आइतबार सम्पन्न भएको छ।

नेपाल पुस्तकालय संघ गण्डकी प्रदेश र पोखरा सार्वजनिक पुस्तकालय/अमेरिकन कर्नर पोखराद्वारा संयुक्त रुपमा आयोजित उक्त तालिममा पोखरास्थित विभिन्न विश्वविद्यालय, क्याम्पस, विद्यालय, हस्पिटल र सरकारी निकायका पुस्तकालयमा कार्यरत कर्मचारीहरु र अन्य गरी करिब ५० जनाको सहभागिता रहेको थियो। पुस्तकालयमा विद्युतीय स्रोत सामग्रीहरुको खोजी तथा तिनको व्यवस्थापन सम्बन्धी विषयमा केन्द्रित तालिममा विभिन्न वेभसाइट, डाटावेश लगायतका आधिकारिक स्रोतहरुबाट आवश्यकता अनुसारका पुस्तक, जर्नल, शोधपत्र, अनुसन्धात्मक लेखरचना लगायतका विद्युतीय सामग्रीहरु प्राप्त गर्ने तरिका, संस्थागत रजिष्ट्रेशन गर्ने विधि र पुस्तकालय अटोमेशनबारे पुस्तकालय विज्ञहरु मीनकुमारी डल्लाकोटी, दुर्गाप्रसाद आचार्य, किशोर सुवेदी र सूर्य क्षेत्रीले सहजीकरण गर्नुभएको थियो। तालिमको अन्त्यमा पोखरा सार्वजनिक पुस्तकालयका अध्यक्ष प्रा.डा विश्व श्रेष्ठले सहभागीहरुलाई प्रमाणपत्र प्रदान गर्दै ई-लाइब्रेरीको प्रयोग र व्यवस्थापनजस्तो गहन विषयको तालिम उपयोगी हुने विश्वास व्यक्त गर्दै यस प्रकारका तालिम र कार्यशालाहरु नियमित रुपमा सञ्चालन गर्ने योजना रहेको बताउनु भयो। नेपाल पुस्तकालय संघ गण्डकी प्रदेशकी अध्यक्ष मीन कुमारी डल्लाकोटीले समसामयिक विषयकेन्द्रित तालिम सञ्चालन गर्न पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा यस प्रकारका थप कार्यक्रमहरु गर्ने बताउनुभयो। कार्यक्रमको समापनमा सहभागीहरुको तर्फबाट ध्रुव केसी र धनुमाया पहारीले आ-आफ्ना अनुभवहरु राख्दै तालिम अत्यन्तै उपयोगी, समसामयिक एवम् सान्दर्भिक रहेको बताउनुभएको थियो। उक्त कार्यक्रमको संचालन नेपाल पुस्तकालय संघ गण्डकी प्रदेशका सचिव भुवन ढकालले गर्नुभएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५९२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिथेरोई

## सम्पादकीय

# ल्होसार (ल्होछार)को शुभकामना

नेपालमा बसोवास गर्ने विभिन्न जातजातिले नयाँ बर्ष मनाउने आ–आफ्नै प्रचलन छ । पुस १५ गतेलाई गुरुङ जातिले नयाँ वर्षको रुपमा मनाउने गर्दछन् । नयाँ वर्षलाई ल्होछार/ल्होसारको रुपमा मनाउने गरिन्छ । विभिन्न धर्म, जातजातिले आफ्नो धर्म, संस्कति र प्रचलन अनुरुप नयाँ वर्ष मनाउने प्रचलनले नेपालको छुट्टै पहिचान दिने गरेको छ । तमु जातिले परापूर्व कालदेखि पुस १५ लाई वर्ग फेरिने दिनको रुपमा लिएका छन् । वर्ग फेरिने दिन नै नयाँ वर्षको रुपमा धुमधामसंग मनाउँदै आएका छन् । म्हप्रि(गरूढ/चिल) वर्गलाई विदाई गरि सप्ह्रि सर्प वर्गलाई स्वागत गरिन्छ । देशका विभिन्न ठाउँमा मात्र होइन संसारका विभिन्न ठाउँमा रहेका गुरुङहरुले भव्यताका साथ मनाउने गर्दछन्

एशिया महादिपका केहि मुलुकहरुमा नयाँ वर्ष ल्हो पद्धतिमा प्रचलित छ । ल्हो १२ वटा हुन्छन । विभिन्न १२ वटा पशुपंक्षीहरुको नामबाट १२ वटा ल्हो (वर्ग) को नाम रहेको छ । ल्हो वर्गलाई १२ वटा पशुपंक्षिको आधारमा वर्गिकरण गरिएको छ । च्यु ल्हो (मुसा), ल्वों ल्हो(गाई/गोरु), तो ल्हो (बाघ)ह्युइ ल्हो(बिरालो/खरायो), मुप्ह्रि ल्हो (गरुड), सप्रि ल्हो(सर्प), त ल्हो(घोडा), ल्हु ल्हो(भेडा), प्र ल्हो (बा"दर), च्ह्या ल्हो (चरा), खि ल्हो (कुकुर) र फो ल्हो (मृग) वर्ग छन । ल्होसार मान्नु नै आफ्नो सांस्कतिक परम्परालाई मान्यता दिई समाजलाई व्यवस्थित गर्नु हो । ल्होसार मनाउने नेपाल मात्र नभई तिब्बत, चीन, भुटान र मंगोलिया आदि देशहरु छन् । चिनियाँ ज्योतिष शास्त्र र चाइनिज पात्रो अनुसार ल्होसार मनाउने गरिन्छ । ल्होसारलाई तोला, सोनाम, र ग्याल्वो तीन थरीले मनाउने गर्दछन् । पौष कृष्ण पक्षको प्रतिपदा दिनदेखि अर्थात पुस १५ देखि तोला ल्होसार मनाउने गरिन्छ । नेपालमा गुरुङले महान् चाडको रुपमा मनाउने ल्होसार तोला भनिन्छ । माघ शुक्ल पक्षको प्रतिपदा देखि तामाङ, थकाली, हेल्मो, शेर्पा आदि जातिले मनाउ"दछन । सोनाम ल्होसार मनाउनेको संख्या बढी छ । त्यस्तै ग्याल्वो ल्होसार नेपालमा रहेका तिब्बतीहरुले फाल्गुण कृष्णपक्षको प्रतिपदाको दिनदेखि मनाउने गर्दछन् । वर्गलाई ल्हो र फेरिनेकर्मलाई सार (छार) भनिन्छ । तमु जातिले मनाउने नया" बर्ष (ल्होसार) प्रकृतिसंग पनि सम्बन्धित छ । पुस १५ लाई सबै भन्दा लामो रातको रुपमा लिने गरिन्छ । पुस १५ पछि दिन लम्बिने गर्दछ । सूर्य पृथ्वीको उत्तरी दिशाबाट दक्षिण पुगी उत्तर फर्कन्छ । दिन छोटो र रात लामो हुने दिन पुस १५ भएको हुंदा प्रकृति नियमसंग सम्बन्ध छ । तमुहरुले सूर्यलाई मानेको हु"दा पुस १५ को ल्होसार को आफनै महत्व रहेको छ ।

संघीय सरकारले तमु ल्होसार पुस १५ गते देशभरि र विदेश स्थित नियोगहरुमा सार्वजनिक विदा दिने निर्णय गरेको छ । गण्डकी प्रदेश सरकारले पनि सार्वजनिक विदा दिने निर्णय अघिल्ला वर्षदेखि गर्दै आएको थियो । नेपालमा ल्होसार कहिलेदेखि मनाउन थालियो भन्ने यकिन नभए पनि परापूर्वकालदेखि मनाउ"दै आएका छन् । गण्डकी प्रदेश गुरुङ जातिको ऐतिहासिक थाकथलोको रुपमा चिनिन्छ । गुरुङ जातिको उल्लेख्य बसोबास भएको हुँदा यस प्रदेशमा ल्होसारलाई विशेष भव्य रुपमा मनाउने गरिएको छ । संघ र प्रदेश सरकारले ल्होसारको महत्व बुझेर विदा दिने निर्णय गर्नु स्वागतयोग्य काम हो । नेपाल संघीयतामा गएको अनुभूति गर्ने मौका पनि प्रदेशमा बसोबास गर्ने मुख्य जातिको चार्ड पर्वलाई विशेष रुपले मनाउनु हो । सबै जाति र धर्मको चाड पर्व उत्तिकै महत्वपूर्ण छन् । तमुजातिले बन्धुहरुवीच शुभकामना आदानप्रदान, मान्यजनबाट आशिर्वाद लिने, चेलीवेटीलाई खुवाउने, आपसी सम्बन्ध बलियो बनाउने काममा ल्होसारलाई लिने गरिन्छ । विदेशमा रहेका गुरुङ जातिले आफ्नो संस्कृतिको जगेर्ना गर्न ल्होसार पर्व भव्य रुपले मनाउने गरेका छन् । देशमा विभिन्न स्थानमा पनि समारोह भएका छन् । राजधानी र गुरुङ जाति बसोबास गर्ने ठाउँमा भव्यताका साथ मनाइन्छ।

नेपालको संविधान २०७२ ले धर्म निरपेक्ष राष्ट्र घोषणा गरेको छ । बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक मुलुक भएको हुँदा सबैले मनाउने चाडपर्वलाई राष्ट्रिय मान्यता दिएको छ । सबै धर्मालम्वी भाषाभाषीको सँस्कृतिलाई एकआपसमा शुभकामना आदानप्रदान गरेमा सद्भाव कायम हुन्छ । समाजमा सद्भाव बिगार्न खोज्नेहरुलाई सबैले तिरस्कार गर्दै सामाजिक एकता कायम गर्न अगुवाहरु नै सकृय हुनु पर्दछ । जातिय सद्भाव र मेलमिलाप कायम राख्न र सबै जातजातिको पर्व सबैले शुभकामना साटासाट गर्न सप्ह्रि वर्गले सबैलाई सद्बुद्धि देओस् भनि हामी देश विदेशमा रहनुभएका सम्पूर्णलाई शुभकामना दिन्छौ । ल्होसारले सबैलाई एकताको मालामा जोडिन सकोस् हार्दिक शुभकामना । आँशिमाला


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बड्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : आर्थिक समस्या |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# होटल पौवामा नयाँ वर्ष साँझ हुँदै

पोखरापत्र संवाददाता

पोखरा, १४ पुस

पोखरा लेकसाईडमा रहेको होटल पौवाले अंग्रेजी नयाँ वर्षको अवसरमा साँस्कृतिक कार्यक्रम गर्ने भएको छ ।

अंग्रेजी नयाँ वर्ष २०२५ को शुभारम्भका अवसरमा होटलले पुस १६ साँझ ७ बजेदेखि १२ बजेसम्म बृहत सांस्कृतिक कार्यक्रम गर्ने होटल पौवा पोखराका प्रबन्धक केशव भण्डारी जानकारी दिए । कार्यक्रममा गायक सुरज थापा एण्ड ब्याण्डको साँगितिक प्रस्तुति रहने उनले बताए । गायक थापासँगै रितु केसी, तबला मादल बादक रिसु नेपाली, गितारिस्ट प्रविन श्रेष्ठ र विजय बज्राचार्यका साथमा बाँसुरी बादक किरण बरालको सहभागिता रहने उनको भनाइ थियो । कार्यक्रममा प्रवेश निःशुल्क रहेको होटलले जानकारी दिएको छ । नयाँ वर्षको अवसरमा होटल पौवाका अन्य शाखामा पनि साँस्कृतिक कार्यक्रम आयोजना हुने होटल पौवा प्रालिका प्रमुख सञ्चालन अधिकृत कृष्ण गौतमले जानकारी दिए । पोखरासँगै रुपन्देही भैरहवा, दाङको भालुवाङ, दाङकै घोराही र नवरपुरको गैडाकोटमा रहेका शाखामा पनि १६ गते नै सांस्कृतिक कार्यक्रम आयोजना गर्न लागिएको उनले बताए ।

'जहाँबाट आतिथ्यताको सुरुवात हुन्छ' भन्ने मूल नार ासहित नेपाली आतिथ्य सहितको सेवा दिने उद्देश्यले देशभर शाखा विस्तारमा तिब्रता दिएको प्रमुख संचालन अधिकृत गौतमले बताए । निकट भविष्यमै १०० शाखा बनाउने लक्ष्य लिएको होटल पौवाको अहिले देशभर १७ शाखा रहेको उनले जानकारी दिए । होटल पौवाको शाखाहरु कर्णाली प्रदेशको जुम्ला, सुदूरपश्चिमको धनगढी, लुम्बिनी प्रदेशमा दाङको भालुवाङ, घोराही र लमही, कपिलवस्तुको गोरुसिंगे, रुपन्देहीको योगीकुटी, भैरहवाको चिल्ड्रेन पार्क, पाल्पाको तानसेन, गुल्मीको रेसुंगामा रहेको छ । गण्डकी प्रदेशको पोखरा र नवलपुरमा होटलले शाखा विस्तार गरिसकेको छ । बागमती प्रदेशमा काठमाडौंको गौशाला, सिन्धुलीको मुलकोट र चितवनको भरतपुरमा पौवाको शाखा छ । कोशी प्रदेशमा खोटाङको हलेसीमा यसले सेवा विस्तार गरेको छ । छिट्टै बाँकेको नेपालगन्जमा पाँच तारे स्तरको होटल पौवा सञ्चालनको तयारीमा रहेको अधिकृत गौतमले बताए । होटल पौवाले नेपाल मै रोजगारी सिर्जना गरी युवा जनशक्ति पलायन रोक्ने लक्ष्य लिएर अघि बढेको अधिकृत गौतमले सुनाए । होटलको अर्को उद्देश्य भनेको रैथाने खाना र नेपाली मौलिक परम्परा जोगाउनु रहेको उनले बताए । सोही अनुरुप होटलले नेपालीहरुले परम्परादेखि मनाउँदै आएको चाडपर्वमा विशेष कार्यक्रम गर्दै आएको छ ।

# स्व सचिन स्मृति खुल्ला दौडको उपाधि बोगटीलाई

पोखरापत्र संवाददाता

दमौली, १४ पुस

रोटऱ्याक्ट क्लब अफ दमौलीले आफ्नो संस्थापक सहसचिव स्व सचिनकुमार श्रेष्ठको स्मृतिमा आइतबार आयोजित २२औँ स्मृति खुल्ला दौड प्रतियोगिताको उपाधि गोरखाको सिरानचोक गाउँपालिका–३ का दिनेशसिंह बोगटीले जित्नुभएको छ ।

जिल्ला सदरमुकाम दमौलीस्थित अनशनचोकबाट छाब्दीबाराही मन्दिरसम्मको नौ किमी दूरी २९ मिनेट १६ सेकेण्डमा पार गर्दै बोगटीले उक्त उपाधि जित्नुभएको हो । प्रतियोगितामा नुवाकोटका सञ्जय तामाङले २९ मिनेट २१ सेकेण्डमा उक्त दूरी पूरा गरी द्वितीय र तनहुँको ऋषिङ गाउँपालिका–४ भिरकोटका अमृत विश्वकर्माले ३० मिनेटमा सो दूरी पूरा गरी तृतीय हुनुभएको छ । महिलातर्फ ५५ मिनेटमा उक्त दूरी पार गर्दै दमौलीकी चेतना कटुवाल प्रथम र बाल धावकतर्फ उक्त दूरी ४५ मिनेटमा पार गर्दै दमौलीका १० वर्षीया सङ्गम रानाभाट प्रथम भएकी क्लबका अध्यक्ष रवि अधिकारीले जानकारी दिनुभयो । प्रतियोगितामा प्रथमलाई रु १५ हजार पाँच सय, द्वितीयलाई रु १२ हजार पाँच सय र तृतीय हुनेलाई रु आठ हजार पाँच सय पुरस्कार प्रदान गरिएको छ ।

महिलातर्फ प्रथम र बाल धावकलाई जनही रु एक हजार पाँच सयसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको कार्यक्रम संयोजक किरण श्रेष्ठको भनाइ छ । विगतका वर्षभन्दा यस वर्ष पुरस्कारको राशि वृद्धि गरिएको क्लबले जनाएको छ । प्रतियोगितामा एक सय ११ धावकको सहभागिता थियो । विगतका वर्षमा प्रशासनचोकबाट सुरु भई घाँसीकुवा पुगेर पुनः प्रशाचनचोकमा आएर दौड प्रतियोगिता सकिने गरेपनि केही वर्षयता दौडको रुट परिवर्तन गरिएको हो।छाब्दीबाराहीमन्दिरको धार्मिक पर्यटन पवर्द्धनका लागि पनि दौडले सहयोग पुग्ने क्लबका अध्यक्ष अधिकारीले बताउनुभयो । दमौलीको अनशन चौतारीबाटसुरुभएकोदौडसफासडक, पृथ्वीराजमार्ग, गल्वुबैंसी, भादगाउँ हुँदै छाब्दीबाराही मन्दिरमा पुगेर टुङ्गिएको थियो । यस पटकको प्रतियोगितामा विभागीय धावकलाई सहभागी नगराइएको क्लबले जनाएको छ ।

भारतको कोलकातामा क्लबको कार्यक्रममा सहभागी हुन जाने क्रममा सवारी दुर्घटनामा परी ज्यान गुमाएका क्लबका संस्थापक सहसचिव सचिनकुमार श्रेष्ठको स्मृतिमा क्लबले सन् २००३ देखि हरेक वर्ष दौड प्रतियोगिता आयोजना गर्दै आएको क्लबका अध्यक्ष अधिकारीले जानकारी दिनुभयो । कार्यक्रमको उद्घाटन व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले गर्नुभएको थियो । उहाँले खेलकुदले अनुशासन र स्वास्थ्यमा सहयोग पुग्ने बताउनुभयो । व्यास नगरपालिकाले पनि आन्तरिक पर्यटन प्रवर्द्धन गर्न दौडलाई महत्व दिएर सहिद दिवस र नारी दिवसमा कार्यक्रम गर्दै आइरहेको उहाँले उल्लेख गर्नुभयो ।

कार्यक्रमको समापन समारोहका प्रमुख अतिथि छाब्दीबाराही विकास कोषका अध्यक्ष थानबहादुर थापा रहनुभएको थियो । सो अवसरमा उहाँले रोटऱ्याक्टको दौडले छाब्दीको प्रचारप्रसारमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । क्लबको संस्थापक सहसचिव सचिनकुमार श्रेष्ठको स्मृतिमा क्लबले हरेक वर्ष देशव्यापी रक्तदानसँगै दौड प्रतियोगिता आयोजना गर्दै आएको छ ।

# मिलीजुली समाजको ३० औं वार्षिक साधारण सभा




पोखरापत्र संवाददाता

पोखरा, १४ पुस

पोखरा महानगरपालिका वडा नं १३ स्थित मिलीजुली विजयपुर तमु समाजको ३० औं वार्षिक साधारण सभा, सम्मान कार्यक्रम तथा विविध कार्यक्रम गरी सम्पन्न भयो ।

समाजका संस्थापक अध्यक्ष स्व.पूर्णसिंह गुरुङको तस्विरमा वडा नं १३ का वडा सदस्य बलवहादुर बरालले माल्यापर्ण गरी साधारण सभाको उद्घाटन गरेका थिए । मिलीजुली समाजका हरेक सदस्यहरु सकारात्मक सोचले अगाडि बढ्नाले समाजमा दिनप्रतिदिन राम्रो हुँदै गएको वडा सदस्य बरालले भने । साधारण सभामा समाजमा सक्रिय कार्य गर्नेमा महिलावाट कुसकुमरी गुरुङ, पुरुषवाट बहादुर गुरुङ र हरेक दिन सक्रियभई उत्कृष्ट पुरस्कारवाट विष्णुकुमारी गुरुङलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । त्यसैगरी सोही दिन ८८ वर्षिय शिवकुमारी गुरुङ र ७७ वर्षिय गोकुलप्रसाद गुरुङलाई पनि दोसल्ल्ला ओढाएर सम्मान गरियो । सम्मानित हुने शिवकुमारीले समाजलाई अगाडि बढ्न सहयोग पुगोस भनेर नगद १५ हजार सहयोग गरिन् । मिलीजुली विजयपुर तमु समाजका अध्यक्ष इन्स्पेक्टर मानकाजी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा तमु धि नेपालका प्रथम उपाध्यक्ष गिमाया गुरुङ, बाँझपाटन तमु समाजका अध्यक्ष नासु कृष्णवहादुर गुरुङ, मिलीजुली विजयपुर तमुसमाज महिला समितिका अध्यक्ष बालकुमारी गुरुङ, हिमाली टोल विकास संस्थाका अध्यक्ष रनध्वज गुरुङ, कामना टोल विकास संस्थाका सचिव मिनवहादुर गुरुङ, लामोडहर टोल विकास संस्थाका अध्यक्ष दुर्गावहादुर गुरुङ, समाजका लेखा परिक्षक ज्ञानवहादुर कार्की र पोखरापत्र दैनिकका कार्यकारी सम्पादक शोभाकान्त सिग्देल लगायत वोलेको कार्यक्रममा समाजका वरिष्ठ उपाध्यक्ष नासु खड्कवहादुर गुरुङले स्वागत र सहसचिव इन्जिनियर सुब्बा गुरुङले संचालन गरेका थिए । कार्यक्रममा समाजका सचिव चिनवहादुर गुरुङको सचिवको प्रतिवदेन, कोषाध्यक्ष सु. यरवाहादुर गुरुङको कोषाध्यक्षका प्रतिवेदन पारित भएको छ । हावा सरर् गोर्खाको डाँडामा भन्ने वोलको गितमा बालकुमारी गुरुङ, तीलकुमारी गुरुङ, हुमादेवी गुरुङ र भीमदेवी गुरुङले प्रस्तुत गरेका नृत्यले सहभागी सबैलाई मन्त्रमुग्ध पारेको थियो ।

# बेनी–रणवाङ–दरवाङ सडक स्तरोन्नति हुँदै

पोखरापत्र संवाददाता

म्याग्दी, १४ पुस

बेनी–दरबाङसडकआयोजनाको तेस्रो (रणवाङ–दरवाङ) खण्ड कालोपत्र गर्न धमाधम स्तरोन्नति भइरहेको छ ।

गण्डकी प्रदेशको 'एक निर्वाचन क्षेत्र एक सडक' कार्यक्रमअन्तर्गत पूर्वाधार विकास कार्यालयमार्फत स्तरोन्नति जारी छ ।

हाल सडक चौडा बनाउने, पानीको निकासका निम्ति नाली र भूक्षयबाट सडकलाई जोगाउन पर्खाल बनाउका साथै कालोपत्र गर्न 'सवबेस', 'बेस' राखेर सम्म्याइँदै छ । बाइस करोड ५७ लाखको लागतमा निर्माण सम्पन्न हुने यो सडक खण्डमा चालु आर्थिक वर्षभित्र नै कालोपत्र पनि गरिने निर्माण कम्पनीले जनाएको छ । मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकामसँग जोड्ने २४ किलोमिटर लामो यो सडक २०६३ मा खुलेको हो । बेनीबाट सिमसम्म १२ दशमलव पाँच किलोमिटर कालोपत्र भइसकेको छ ।

# बागलुङको बुर्तिवाङमा बन्यो ५० शैयाको अस्पताल

पोखरापत्र संवाददाता

बागलुङ, १४ पुस

ढोरपाटन नगरपालिका–१ बुर्तिवाङमा शुक्रबारदेखि ५० शयूयाको अस्पताल सञ्चालन भएको छ । यसबाट निसीखोला, तमानखोला र बडिगाड गाउँपालिकाका स्थानीय प्रत्यक्ष लाभान्वित हुनेछन् ।

पचास शयूयाको अस्पतालमा स्तरोन्नतिपछि जनशक्ति व्यवस्थापनको कामलाई अगाडि बढाइएको गण्डकी प्रदेश सरकारका स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले शुक्रबार अस्पतालको सेवा प्रारम्भ गर्दै बताउनुभयो । विसं २०२१ मा दुई कोठाबाट स्थापना भएको स्वास्थ्य संस्था ६० वर्षपछि अस्पताल बनेको हो । विसं २०६४ मा जिल्ला अस्पतालमा स्तरोन्नति गर्न रु ३२ करोड लागतमा भौतिक पूर्वाधार निर्माण प्रारम्भ भएको थियो । गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई ५० शयूयाको प्रादेशिक अस्पतालका रूपमा सञ्चालन गरिने उल्लेख थियो । अस्पतालमा पूर्वाधार, उपकरण तथा जनशक्ति व्यवस्थापनका लागि रु १२ करोड विनियोजन गरिएको थियो ।

# वालिङमा व्यावसायिक केराखेतीः वार्षिक चार लाख मुनाफा

पोखरापत्र संवाददाता

वालिङ, १४ पुस

यहाँका एक किसानले केराखेतीबाट वार्षिक चार लाख मुनाफा आर्जन गरेका छन् । वालिङ नगरपालिका–१ धरमपानीका कृष्णप्रसाद ढुङ्गानाले व्यावसायिक केराखेतीबाट उक्त रकम आर्जन गर्नुभएको हो ।

सबै खर्च कटाएर एक वर्षमा चार हजार पाँच सय दर्जन काँचो तथा पाकेका केरा बेच्दा त्यति रकम नाफा भएको उहाँले राससलाई बताउनुभयो । "मेरा बारीका केरा स्थानीय व्यापारीले बगैँचाबाट नै खरिद गर्छन्", उहाँले भन्नुभयो । स्थानीय बजारमा केराको माग उच्च भए पनि मागअनुसार आपूर्ति हुनसकेको छैन । तीन वर्षअघि किसान ढुङ्गानाले व्यावसायिक रूपमा केराखेती थाल्नुभएको हो । व्यावसायिक रूपमा ड्रागन फ्रुटको खेती गर्न जग्गा सम्म्याउने क्रममा पुरुवा माटोमा केरा राम्रो हुन्छ भन्ने थाहा पाएपछि उहाँले केराखेती प्रारम्भ गर्नभएको हो । उहाँको बगैचामा स्थानीय र हाइब्रिड केरा फलेका छन् ।

उद्यमी ढुङ्गानाले २० रोपनीमा केराखेती गर्दै आउनुभएको छ । बगैचामा झापाली मालभोग, चिनी केरा, पुरानो मालभोग, धुस्रे र स्थानीय मुग्रे गरी पाँच प्रजातिका केरा लगाउनुभएको छ । उहाँले ४० रोपनीमा ड्रागन फ्रुटको खेती पनि गर्दै आउनुभएको छ ।

# बाजेको सेकुवामा रिभाइभलको लाइभ कन्सर्ट

पोखरापत्र संवाददाता

पोखरा, १४ पुस

पोखरा स्थित नेपालको चेन रेष्टुरेण्ट बाजेको सेकुवा रेष्टुरेण्टमा रिभाइभल ब्याण्डको लाइभ कर्न्सट हुने भएको छ । अंग्रेजी नयाँ बर्ष सन् २०२५ को पुर्व सन्ध्या डिसेम्बर ३१ तारिख अर्थात पौष १६ गते कार्यक्रम गर्न लागेको हो ।

का य ँ त्र ऽ म मा पोखराको रिभाइभल व्याण्डले ३ घण्टा सांगितिक प्रस्तुती दिनेछन् । अतिथी गायकका रुपमा भुमी ढुंगानाको प्रस्तुती रहनेछ । रेष्टुराले हरेक बर्ष पर्व विशेषमा लाइभ कार्यक्रमहरु गर्दै आइरहेको छ । नयाँ बर्षमा रेष्टुराले आफ्ना ग्राहकहरुसंग खुसी एवम शुभकामना साट्नका लागि कार्यक्रम आयोजना गरिएको रेष्टुराका संचालक एकराज गिरीले बताए । कार्यक्रम पौष १६ गते साँझ ७ बजे शुरु हुनेछ । कार्यक्रममा लायन्स क्लब अफ पोखरा टुरिजम सिटीको सहकार्य रहेको छ ।

रिभाइभल पोखराको उदियमान सांगितिक समुह हो । जसमा गायिका स्वस्ती गुरुङ, रिदम तथा लिड गिटार शंकर गुरुङ, बेस गिटार सागर गुरुङ र ड्रममा सन्जु नेपाली सदस्य रहेका छन् ।

# जल, जमिन र आकाश लक्षित महोत्सवले गुलजार पोखरा

**जमुना शर्मा**
पोखरा, १४ पुस/रासस

अङ्ग्रेजी नयाँ वर्षको आगमनसँगै पोखरा गुलजार बनेको छ। जल, जमिन र आकाश लक्षित महोत्सवले स्वदेशी र विदेशी पर्यटक आकर्षित मात्रै गरेको छैन, यहाँको पर्यटकीय गतिविधि चलायनमान बनाएको छ।

हाल यहाँ २६औँ संस्करणको सडक महोत्सव, बिवाइडी अन्तर्राष्ट्रिय बेलुन महोत्सव र दोस्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेस चलिरहेका छन्। क्रिसमस सकिएर नयाँ वर्षको रौनक सुरु भइसकेको पर्यटन राजधानी पोखरामा महोत्सवले थप गतिविधि बढाएका छन्। महोत्सवले पोखरालाई पर्यटकीय गन्तव्यका रूपमा विश्वसामु चिनाउन थप भूमिका खेल्ने विश्वास गरिएको छ।

रेस्टुरेन्ट एन्ड बार एशोसिएशन (रेवान) पोखराले सन् १९९८ मा सुरु गरेको पोखरा सडक महोत्सव अहिले पोखराको ब्राण्डनै बनेको छ "सडकमै खाऔँ, सडकमै नाचौँ, सडकमै रमाऔँ" भन्ने नारालाई जीवन्त बनाउँदै महोत्सवले हजारौँ पर्यटकलाई आकर्षित गरेको छ। लेकसाइडको तीन किलोमिटर क्षेत्र साङ्गीतिक कार्यक्रम, मौलिक झाँकी, वेषभूषा प्रदर्शनी र अन्तर्राष्ट्रिय खानाको प्रदर्शनीले भरिएको छ। महोत्सवले आन्तरिक र बाह्य पर्यटकलाई पोखराको सांस्कृतिक र प्राकृतिक सौन्दर्यसँग परिचित गराउनुका साथै स्थानीय उत्पादनको प्रवर्द्धनमा सहयोग पुऱ्याएको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल बताउनुभयो। उहाँका अनुसार यो महोत्सव नेपाली पर्यटनलाई अन्तर्राष्ट्रिय मानचित्रमा स्थापित गर्ने महत्वपूर्ण माध्यम हो। महोत्सवमा कृषि उत्पादन, हस्तकला, र वनस्पतिको प्रदर्शनी विशेष आकर्षण बनेको छ। स्थानीय किसान, व्यवसायी, र कलाकारले आफ्नो उत्पादन



प्रदर्शन गर्दै नयाँ बजारको पहुँच पाएका छन्। विभिन्न जातजातिका परम्परा, साङ्गीतिक झाँकी र कला प्रदर्शनी प्रस्तुत गरेर सांस्कृतिक विविधतालाई उजागर गर्दै आएको महोत्सवले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण भूमिका खेलेको संयोजक विकास भट्टराईको भनाइ छ।

पहिलो पटक आयोजना गरिएको बीवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सवले पोखराको पर्यटकीय महत्वलाई अझै उचाइमा पुऱ्याइएको छ। फेवातालको शिरानमा सुरु भइरहेको यो महोत्सवमा नेपालसहित १५ देशका पाइलटले सहभागिता जनाएका छन्। रङ्गिन र विभिन्न आकार र डिजाइनका १७ वटा भव्य बेलुन आकाशमा उडिरहँदा आकाश शृङ्गारिएको छ भने तालमा देखिने सुन्दर दृश्य अवर्णित छन्।

पर्यटकले आकाशबाट हिमालय शङ्खला, हरियाली र फेवातालको सौन्दर्यको अनुभव गर्दै पोखरालाई नयाँ दृष्टिकोणबाट नियाल्न सकेको पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ। "यो महोत्सवले पर्यटकको बसाइँ लम्ब्याउने मात्र नभइ अन्तर्राष्ट्रिय मिडियामासमेत ध्यानाकर्षण गरेको छ", पहारीले भन्नुभयो, "यो महोत्सवले पोखरालाई साहसिक र मनोरञ्जनात्मक गतिविधिको आकर्षक गन्तव्यका रूपमा स्थापित गरेको छ।" बेलुन महोत्सव, ड्रागन बोट रेस र सडक महोत्सवले पोखराको पर्यटकीय महत्वलाई नयाँ उचाइमा पुऱ्याउँदै पर्यटनमा नयाँ आयाम थपेको उहाँको भनाइ छ। बेलुन नेपाल प्रालिका अध्यक्ष विक्रम बाडेका अनुसार बेलुन महोत्सवले मनोरञ्जन मात्र होइन, साहसिक पर्यटनको नयाँ ढोका खोल्दै पोखरालाई अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रविन्दु बनाउने प्रयास गरिरहेको छ। आजदेखि फेवातालमा सुरु भएको दोस्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेसले पोखरामा पर्यटनमा रौनक थपेको छ। नेपाल, चीन, र सिङ्गापुरका २० टोलीबीचको यो प्रतिस्पर्धाले खेलकुद र पर्यटनलाई जोड्ने कार्य गरिरहेको छ। बेलुन नेपाल प्रालिका बीबी ढकालले नेपालको हट एयर बेलुनले अन्तर ष्ट्रिय स्तरसम्म चर्चा पाएको उल्लेख गर्नुभयो। "महोत्सवबारे अन्तर्राष्ट्रिय अखबारले पहिलो पृष्ठमै तस्बिर प्रकाशित गरेका छन्, यसबाट नेपालको पर्यटन प्रवर्द्धनमा यसले ठूलो सहयोग पुगेको हाम्रो विश्वास छ।"

पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, र नेपालस्थित चिनियाँ दूतावासको सहकार्यमा आयोजित महोत्सवले फेवाताललाई अन्तर ष्ट्रिय खेलकुद गन्तव्यका रूपमा चिनाउने विश्वास लिइएको छ।

पोखरा महानगरका प्रमुख धनराज आचार्यले महोत्सवले साहसिक गतिविधिमा पोखराको भूमिका विस्तार गर्न यस महोत्सवले सघाउने विश्वास व्यक्त गर्नुभयो। "ड्रागन बोट रेसको रोमाञ्चकता, बेलुन महोत्सवको साहसिकता, र सडक महोत्सवको सांस्कृतिक झल्कोले पोखरालाई त्रिकोणीय महोत्सवको उत्कृष्ट उदाहरण बनाएको छ।" त्रिकोणीय महोत्सवले पोखराको सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य, स्थानीय उत्पादनलाई उजागर गर्दै अर्थतन्त्र र पर्यटनमा दीर्घकालीन योगदान पुऱ्याउने सफल हुने उहाँको विश्वास छ। पर्यटकीय राजधानी पोखरामा अहिले भइरहेका महोत्सवले साहसिक पर्यटनको सम्भावना र नेपाली पर्यटनको उज्ज्वल भविष्यप्रति सकारात्मक सङ्केत गरेको र दीर्घकालीन पर्यटनमा पनि प्रभाव पार्ने उहाँको बुझाइ छ। प्रदेशसभा सदस्यसमेत रहनुभएकी पर्यटन व्यवसायी देवका पहारीले त्रिकोणीय महोत्सव सडक महोत्सव, बेलुन महोत्सव, र ड्रागन बोट रेस–पोखराको पर्यटनलाई नयाँ ऊर्जा र पहिचान प्रदान गर्ने महत्वपूर्ण माध्यम बनेको बताउनुभयो।

"यी गतिविधिले केवल पोखराको सांस्कृतिक र प्राकृतिक सम्पदाको उजागर मात्र नगरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँदै अन्तर्राष्ट्रियस्तरमा परिचित गराउन सफल भएको छ।" उहाँले पोखराको फेवाताल, हिमालय, र सांस्कृतिक विविधताले भरिएको यो अनुभवले साहसिक खेलकूद, साङ्गीतिक उत्सव, र मौलिक उत्पादनको प्रदर्शनले पोखरालाई नयाँ उचाइमा पुऱ्याएको बताउनुभयो। यी महोत्सवले नेपाली पर्यटनमा थप आयाम थप्ने विश्वासका साथ, पोखरा अब सांस्कृतिक, साहसिक र मनोरञ्जनात्मक पर्यटनका लागि विश्वका शीर्ष गन्तव्यमध्ये एक बन्ने दिशामा अग्रसर देखिएको उहाँको भनाइ छ।

# चिसोले फोहरमैला व्यवस्थापन गर्न कठिन

**पोखरापत्र संवाददाता**
मनाङ, १४ पुस

हिमाली जिल्ला मनाङमा अत्यधिक चिसो बढ्दै गएको छ। चिसोका कारण यहाँको फोहरमैला व्यवस्थापन गर्न कठिन भएको छ।

सदरमुकामस्थित चामे गाउँपालिकाले अध्यधिक चिसोका कारण दैनिक रूपमा उठाउँदै आएको फोहरमैला उठाउन नसक्ने जनाएको छ। अध्यधिक चिसो र हिमपात हुँदा जाडो छल्न जिल्लामा स्थानीय नबस्ने हुँदा फोहर सङ्कलन नगरिने सूचना जारी गरिएको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नमनारायण मल्लले जानकारी दिनुभयो।

उहाँका अनुसार चिसोका कारण यहाँका स्थानीय जाडो छल्न बैँसी झर्ने क्रम बढेसँगै फोहोरमैला कम निस्कने भएकाले सङ्कलन रोकिएको हो। "अर्को सूचना जारी नहुँदासम्म फोहोरमैला उठाउने कार्य स्थगन गरिएको छ", उहाँले भन्नुभयो, "साथै सो अवधिमा घरबाट निस्किएका फोहरमैला खोला, सडक र सार्वजनिक स्थानमा जथाभावी नफाली उचित व्यवस्थापन गर्न अनुरोध गरिएको छ।" अत्यधिक चिसो भएपछि माथिल्लो भेगका प्रहरी चौकी र बैंकले सदरमुकाम केन्द्रित भइ सेवा प्रवाह गर्दैआएका प्रमुख जिल्ला अधिकारी मात्रिका आचार्यले बताउनुभयो। उहाँका अनुसार नार्पाभूमिको दुईवटा प्रहरी चौकी र बैंक सेवा प्रवाहका लागि सदरमुकाम सारिएको छ भने माथिल्लो मनाङ गाउँको प्रहरी चौकी मनाङ डिस्याङ गाउँपालिका-४ हुम्डेमा सारेर सेवा प्रवाह भइरहेको छ। चिसोका कारण माथिल्लो भेगका अधिकांश स्थानीय जिल्ला बाहिर गइसकेका छन् भने तल्लो भेगका चामेलगायतका स्थानीय बाहिर जाने क्रममा रहेका प्रजिअ आचार्यले बताउनुभयो। यसरी स्थानीय बाहिरिएको अवस्थामा फोहरमैला कम निस्कने भएकाले सङ्कलन र व्यवस्थापनका काम रोकिएको उहाँले बताउनुभयो।

स्थानीय बैँसी झरे पनि सुरक्षा निकाय, स्वास्थ्य तथा विषयगत कार्यालयका कर्मचारीले सेवा प्रवाह गर्दैआएका सहायक प्रमुख जिल्ला अधिकारी युवराज अर्यालले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "स्थानीयको यहाँ बसोबास नभएको बेलामा सुरक्षा दिने हाम्रो जिम्मेवारी हो। त्यसैले यस अवधिमा अपनाउनुपर्ने सुरक्षाका लागि नै खटिएका छौँ।"

अध्यधिक चिसोका कारण खोला, नदी तथा धारामा पानी जमेको छ। चिसोले पिउने पानीकै समस्या छ। प्रमुख जिल्ला अधिकारी आचार्यका अनुसार अधिकांश स्थानीय बैँसी झरिसकेका पनि यहाँ रहेका स्थानीयलाई सुरक्षित रहन अनुरोध गरिएको छ। जिल्ला अस्पतालका प्रमुख डा दिवाकर कोइरालाका अनुसार जाडोयाममा स्थानीयलाई सेवा प्रवाहमा सहज बनाउने प्रयासमा जुटिरहेको बताउनुभयो। स्थानीयवासीमङ्सिरदेखिफागुनसम्म अन्यत्र बसाइँ सर्ने गरेका छन्। यस अवधिमा चिसोका कारण यहाँ विकास निर्माणको काम ठप्प रहन्छ।

# दाताको सहयोगमा माछापुच्छ्रेमा 'नाना मोहन ज्येष्ठ नागरिक सेवा केन्द्र'

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

कास्कीको माछापुच्छे गाउँपालिका-१ देउपुजेमा सुविधासम्पन्न आवासीय ज्येष्ठ नागरिक सेवा केन्द्र निर्माण गरिएको छ। स्वीजरल्याण्डका किसानहरुको संस्था एहमान फाउण्डेसनको रु पाँच करोड आर्थिक सहयोगमा बनेको 'नाना मोहन ज्येष्ठ नागरिक सेवा केन्द्र' निर्माण गरिएको हो। नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सो केन्द्रको उद्घाटन गर्नुभएको छ।

दाताहरुको सहयोगबाट बनेको सेवा केन्द्र भवन आमा स्मृति प्रतिष्ठानलाई हस्तान्तरण गरिएको छ। सेवा केन्द्रको सञ्चालन अब प्रतिष्ठानले गर्ने प्रतिष्ठानका संस्थापक अध्यक्ष वसन्तराज दवाडीले बताउनुभयो। सेवा केन्द्रका चार वटा भवन छन्। प्रतिष्ठानको पहलमा स्वीजरल्याण्डका दाताबाट सो सहयोग रकम प्राप्त भएको थियो। सेवा केन्द्रमा ६५ वर्ष उमेर माथिका असहाय, गरीब तथा विपन्न नागरिकहरुलाई आवासीय सुविधा सहित राखिने प्रतिष्ठानका संस्थापक दवाडीले बताउनुभयो।

सेवा केन्द्रमा महिला तथा पुरुषका लागि छुट्टाछुट्टै भवन रहेका छन्। त्यसैगरी एउटा कर्मचारी र किचन तथा अर्को भवनमा क्लिनिक तथा पाहुनाका लागि व्यवस्था गरिएको छ।

गरीव, विपन्न र असहायः वृद्धवृद्धाका लागि लक्ष्य गरिएपनि सेवा केन्द्रलाई आत्मनिर्भर बनाउनका लागि शुल्क तिरेरपनि वृद्धवृद्धा राख्न सकिने दवाडीले बताउनुभयो। सेवा केन्द्र सञ्चालनका लागि सुरुआती तीन वर्षको सम्पूर्ण खर्च इहमान फाउण्डेशनलेनै बेर्होने बताइन्छ।

दवाडीले भन्नुभयो,"हामीले गरीव तथा असहाय र दिनदुखीका लागिनै आवासीय सेवा केन्द्र सञ्चालनमा ल्याएका हौँ। यसका साथै कसैले शुल्क तिरेर सेवा केन्द्रमा राख्न चाहनुहुन्छ भने पनि राख्न सकिन्छ। सेवा केन्द्रलाई आत्मनिर्भर बनाउन यसबाट मद्धत पुग्नेछ। नहुनेलाई




सहयोग गर्ने र पैसा हुनेले तिरेर बस्ने हो।"

सेवा केन्द्रमा आश्रित ज्येष्ठ नागरिकहरुलाई क्लिनिक र फार्मेसी सहितको नर्सिङ सेवा, परामर्श सुविधा, पुस्तकालयको सुविधा रहेको छ। यसैगरी अडियो-भिजुअल ल्याब, योग र ध्यान कार्यक्रम तथा एकल, डबल वा साझा कोठा, स्नान गृहको व्यवस्था गरिएको प्रतिष्ठानका सचिव सुवासचन्द्र लम्सालले जानकारी दिनुभयो। उहाँका अनुसार अबको तीन महिनाभित्रमा सेवा केन्द्र पूर्ण रुपमा सञ्चालनमा आउनेछ। "भवन पूर्ण रुपमा तयार भइसकेको छ। केहीमा झ्याल ढोकाको काम बाँकी छ भने किचनका सामानहरु किन्नुपर्ने र ज्येष्ठ नागरिक राख्नका लागि प्रक्रिया पूरा गर्दा सञ्चालनमा आउन तीन महिना समय लाग्छ।" लम्सालले भन्नुभयो। सेवा केन्द्र निर्माणका लागि नाना गुरुङ र मोहन गुरुङको स्मृतिमा उहाँका परिवारजन कर्णबहादुर गुरुङ, दुर्गाबहादुर गुरुङ, बरबहादुर गुरुङ र छोरी शुकमाया गुरुङले चार रोपनी जमिन दान गर्नुभएको थियो। कार्यक्रममा जग्गादाता तथा एहमान फाउण्डेसनका प्रतिनिधि माथियाज मारिया डोल्डलाई सम्मान गरिएको थियो। कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष दिननाथ लम्साल, प्रमुख संरक्षक रविलाल पोखरेल, सल्लाहकार सूर्यप्रसाद लम्साल लगायतले सेवा केन्द्रबाट ज्येष्ठ नागरिकले लाभ लिने बताउनुभएको थियो।

आमा स्मृति प्रतिष्ठानले घाचोकमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गरिरहेको छ। जसमा विहान १० बजेदेखि अपराह्न ५ बजेसम्म वृद्धवृद्धाहरु आएर बस्ने गरेका छन्।

# एकसय चार वर्षीय बाँस्तोला सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

कुरचिन्ने खर्क सामुदायिक वन उपभोक्ता समुह पोखरा १६ को तिसौ साधारण सभा एवम् चौधौ अधिवेशन उद्घाटन समारोहमा एकसय चार वर्षीय भिमाकुमारी बाँस्तोलालाई सम्मान गरिएको छ।

प्रत्येक बर्ष साधारण सभामा वन समुह भित्रका जेष्ठनागरिकलाई सम्मान गर्ने क्रममा उहाँ लगायत ८५ बर्षीय ढाटी बस्नेत र ८१ बर्षीय मिनबहादुर बस्नेतलाई सम्मान गरिएको थियो। सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रीय सदस्य हरिप्रसाद बास्तोलाले वन समुहका जेष्ठनागरिकलाई दोसल्लो ओढाएर सम्मान गर्दै वन



समुहले वन तथा वातावरणको संरक्षणसंगै समाजको आर्थिक एवम् सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताउनुभयो। वन कार्ययोजना र विधानको पूर्णरुपमा पालना गर्ने हो भने वन पैदावार उपयोगमा कुनै पनि समस्या नपर्ने बताउँदै उहाँले मुलुकको वन क्षेत्रलाई समृद्धिसंग जोड्ने खालका उद्यम सञ्चालन गर्न सरकारको ध्यानजानु पर्ने आवश्यकता औल्याउनुभयो। महासंघ गण्डकी प्रदेशका सदस्य एवम् समुहका सल्लाहकार जितबहादुर बस्नेतले सहरको नजिक रहेको हुँदा चोरीशिकारीबाट वन तथा वन्यजन्तुको संरक्षणमा चुनौती बढ्दै गएको बताउनुभयो। समुहका अध्यक्ष रमेश वस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा सचिव मिनु वस्नेत, कोषाध्यक्ष झलक बहादुर बस्नेत, निलबहादुर बस्नेत रमेश बहादुर वस्नेत लगायतले संरक्षण गरेको वनलाई उपयोग गर्ने नीतिको खाँचो औल्याउनुभयो। कार्यक्रममा लुकीछिपी दाउरा चोरी गर्ने स्थानीय छ जनालाई आगामी दिन प्रवेश नगर्ने सर्तमा जफत गरिएका हसिया फिर्ता गरिएको थियो।

# पोखरा ३३ मा काँग्रेसको एक सय दिने विशेष अभियान

**पोखरापत्र संवाददाता**
पोखरा, १४ पुस

पोखरा महानगरपालिका वडा नं ३३ मा नेपाली काँग्रेसको एक सय दिने विशेष अभियानलाई प्रभावकारी बनाइने भएको छ।

नेपाली काँग्रेस पोखरा महानगरपालिका वडा नं ३३ वडा कार्यसमिति, क्षेत्रीय प्रतिनिधि र अभियानमा खटिएका प्रतिनिधिको संयुक्त बैठकले जनस्तरमा पुग्ने गरी अभियान व्यवस्थित र प्रभावकारी बनाउने निर्णय गरेको हो।

सो वडाका लागि नेपाली काँग्रेस कास्कीले पार्टीका सहसचिव एवं प्रवक्ता नवीन सिग्देलको संयोजकत्वमा नेपाली काँग्रेस क्षेत्र नं ३(क) का सचिव प्रकाशचन्द्र सापकोटा र पूर्व क्षेत्रीय सचिव प्रेम बहादुर श्रेष्ठ सदस्य रहेको प्रतिनिधि टोली खटाएको छ। बैंठकले वडाका विभिन्न पाँच स्थानमा बेग्लाबेग्लै कार्यक्रम आयोजना गर्ने निर्णय गरेको छ।

'क्षेत्र, पालिका र वडास्तरमा अभियान केन्द्रीत बनेको छ, सहसचिव एवं प्रवक्ता नवीन सिग्देलले भन्नुभयो, 'अभियानले पार्टीलाई थप शशक्त बनाउने र जनताको साथमा रहेको भरोसा दिलाउने विश्वास छ।'

प्रतिनिधि टोली सदस्य प्रकाशचन्द्र सापकोटाले अभियानमा क्रममा संचालन गर्नुपर्ने विषय बारे जानकारी दिनुभएको थियो।

नेपाली काँग्रेस पोखरा महानगरपालिका वडा नं ३३ का वडा कार्यसमितिका सभापति तिलक अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा क्षेत्र नं २ सभापति केशर प्रसाद निर्दोषी, जिल्ला सदस्य भोजराज आचार्य, वडाध्यक्ष रामचन्द्र अधिकारी र हरिराम पौडेलले विभिन्न सुझावहरु दिनुभएको थियो।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ शुभकामना टोल सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः शुभकामना टोल सडक स्तरोन्नती
ठेगानाः पोखरा-१३, शुभकामना टोल
योजना शुरु हुने मितिः २०८१/०७/२९ गते
योजना सम्पन्न हुने मितिः २०८१/०९/३० गते
योजनाको कुल लागतः रु. ११,५०,१९४।२०
महानगरपालिकाबाटः रु. १०,००,०००/-
जनसहभागिताबाटः रु.१,५०,१९४।२०
अध्यक्षः श्री कृष्ण प्रसाद आचार्य
सम्पर्क नं.: ९८४६०५३५०५
निर्माण समिति सदस्य संख्याः १३
महिलाः ३, पुरुषः १०

**शुभकामना टोल सडक स्तरोन्नती उपभोक्ता समिति**
**पोखरा-१३, शुभकामना टोल**